STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ५ गते मंगलबार ❑ 20 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## कास्कीमा अघिल्लो वर्ष भन्दा बजेट खर्चमा सुधार

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

कास्कीमा अघिल्लो बर्षको तुलनामा आर्थिक बर्ष २०७७/७८ मा बजेट खर्च बढी भएको छ । अघिल्लो आर्थिक बर्ष २०७६/७७ मा कास्कीको ८४ प्रतिशत खर्च भएकोमा गत आर्थिक बर्षमा भने खर्च गर्ने रणनितिमा केही सुधार हुदै ९० प्रतिशत खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय कास्कीले जनाए ।



कास्कीमा आर्थिक बर्ष २०७७/७८ को असार मसान्तसम्म ९० प्रतिशतले ३० अर्ब ६४ करोड ६६ लाख खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय कास्कीका प्रमुख रामजी शर्माले बताए । गतवर्ष कास्कीमा पूजिगत तर्फ ७२ प्रतिशत, चालु तर्फ ८८ प्रतिशत सहित समग्रमा हेर्दा ८४ प्रतिशत मात्र बजेट खर्च भएको कार्यालयले जनाएको छ । गत बर्षको बजेट करिब २५ अर्ब रहेको थियो । गतबर्ष संघीय सरकार मार्फत गण्डकी प्रदेश सरकार, कास्कीका ५ वटा पालिकालाई ३४ अर्ब २० करोडको बजेट आफ्नो कार्यालयलाई प्राप्त भएको कोष तथा लेखा नियन्त्रक कार्यालय कास्कीका प्रमुख रामजी शर्माले बताए । चालु तर्फ २६ अर्ब ५० करोडको बजेट मध्य ९१ प्रतिशतले २५ अर्ब ३५ करोड कार्यालयले सम्बन्धित निकायलाई खर्चको लागि निकासा गरेको शर्माले जनाए । त्यस्तै पूजिगत तर्फ ६९ प्रतिशत प्रगती भएको छ । ७ अर्ब ७० करोड कुल पुंजि तर्फको बजेट मध्य ५ अर्ब २९ करोड निकासा गरेको उनले जनाए । कोरोनाको कारण यस बर्ष बाँकी १० प्रतिशत अर्थात ३ अर्ब ५६ करोड रुपैया खर्च हुन नसकेको शर्माले बताए । फ्रिज भएको उक्त रकम सम्बन्धित निकायहरुले खर्च गर्न नसकेको हुदा कार्यालयमै रहेको प्रमुख शर्माले जनाए । गण्डकी प्रदेश सरकारलाई संघिय सरकार मार्फत प्राप्त भएको १५ अर्ब १० करोड विनियोजित बजेट मध्य कार्यालयबाट गत असार मसान्तसम्ममा १३ अर्ब ९६ करोड खर्च गर्नको लागि निकासा गरिएको प्रमुख शर्माले जनाए । विभिन्न सर्तमा विनियोजन भएको रकम मध्य निर्धारित मितिमा नसकिएको बजेट भने केही संस्थामा त केही पुनः कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने अबस्था रहने भएको शर्माले जनाए । त्यसै गरी पोखरा महानगरपालिकाले संघिय सरकारबाट प्राप्त हुने २ अर्ब ७१ करोडको बजेट मध्ये गत असार मसान्तसम्ममा २ अर्ब ४७ करोड खर्च गर्नको लागि निकासा गरिएको उनको भनाई छ ।

त्यस्तै कास्कीको मादी गाँउपालिकालाई कार्यालयले ३४ करोड २६ लाखको बजेट विनियोजन गरे पनि असार मसान्तसम्ममा ३२ करोड ८५ लाख बजेट खर्च गर्नको लागि निकासा भएको कार्यालयले जनाएको छ । कास्कीको माछापुच्छ्रे गाउँपालिकाले संघिय सरकारबाट गत बर्ष प्राप्त गरेको ३९ करोड ४३ लाख मध्य असार मसान्तसम्म ३८ करोड ९४ लाख कार्यालयबाट खर्च गर्नको लागि निकासा भएको शर्माले जनाए ।

अन्नपूर्ण गाउँपालिकाले संघिय सरकारबाट प्राप्त बजेट मध्य ४२ करोड ४२ लाख खर्च गर्न सफल भएको छ । अन्नपूर्णको लागि कुल बजेट ४२ करोड ५१ लाख विनियोजन भएको थियो । कास्कीको रुपा गाउँपालिकाले संघीय सरकारबाट प्राप्त ३२ करोड ४१ लाखको बजेट मध्य कोष तथा लेखा नियन्त्रक कार्यालय कास्कीबाट असार मसान्तसम्म ३१ करोड ७३ लाख खर्च गर्नको लागि निकासा गरेको थियो । कास्कीमा करिब ६ वटा निकाय तथा संस्थालाई संघिय सरकार अर्न्तगतको कोष तथा लेखा नियन्त्रक कार्यालय कास्कीले गत बर्षको लागि संघीय सरकारबाट प्राप्त रकम निकासा गरेको हो । संघिय सरकार अर्न्तगत कास्कीमा ९९ वटा सरकारी कार्यालयहरु रहेका छन् ।

## विशाल शिव मूर्ति धार्मिक पर्यटकका लागि उत्कृष्ट गन्तब्यः प्रदेश प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

गण्डकी प्रदेशका प्रमुख सीताकुमारी पौडेलले पोखरा महानगरपालिका-२२ पुम्दिकोटमा निर्माणाधिन ५२ फिट अग्लो शिव मूर्तिले धार्मिक पर्यटकलाई आकर्षण गर्ने बताउनु भएको छ ।



सोमबार शिव मूर्तिको अवलोकन गर्दै प्रदेश प्रमुख पौडेलले पोखरा पर्यटकको उत्कृष्ट गन्तब्य रहेको र विशाल शिव मूर्तिले धार्मिक पर्यटकलाई आकर्षित गर्न बताउनुभएको हो । उहाँले नेपाल प्राकृतिक सांस्कृतिक एवम धार्मिक रुपमा धनि रहेकाले यसको विकास र संरक्षणमा ध्यान दिन सके अर्थतन्त्रमा समेत ठूलो योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । कोरोनाका कारण धेरै मानिसहरुले शान्त र आध्यात्मिक ठाउँहरुको खोजी रहेको जनाउँदै उहाँले कोरोना कम हुँदै गएपछि यस क्षेत्र धार्मिक एवम् अन्य पर्यटकको लागि समेत रोजाइमा पर्ने उहाँको विश्वास थियो ।

पुम्दीकोट कोट विकास समितिका अध्यक्ष एवम् परिकल्पनाकार चन्द्रकान्त बरालले सो मूर्तिको बारेमा प्रदेश प्रमुखलाई विस्तृत जानकारी गराउनु भएको थियो । बरालका अनुसार नेपाल सरकारको स्वामित्वमा रहेको २२ रोपनी जमिनलाई तीस वर्षकालागि भोगाधिकारको लिएर मूर्ति निर्माण गरिएको हो । नेपालकै अग्लो दाबि गरिएको सो शिव मूर्ति ४० करोड लागतमा निर्माण सम्पन्न गरिने लक्ष्य राखिएको छ । करिब ४० प्रतिशत निर्माण कार्य सम्पन्न भएकोसो कार्यका लागि हालसम्म २० करोड खर्च भइसकेको छ । हिल ट्याङ्क प्रालिका प्रबन्ध निर्देशक कमल जैनले सो शिवको मूर्ति प्रदान गर्नुभएको । भारतको मथुराबाट ल्याइएको सो मूर्ति बाहिर फाइबर र भित्र स्टीलबाट निर्माण गरिएको छ । पर्यटकको बसाईं लम्बाउनुका साथै धार्मिक पर्यटकीय गन्तब्यको लागि उत्कृष्ट गन्तब्य बन्ने विश्वास अध्यक्ष बरालको छ । संघ सरकार, प्रदेश सरकार र पोखरा महानगर पालिका लगायत विभिन्न ब्यक्ति र संस्थाहरुले आर्थिक सहयोग गरेको बरालले जानकारी दिनुभयो । समितिले मूर्ति निर्माणका लागि २०७३ सालमा महायज्ञ लगाएर ६ करोड भन्दा बढी नगद र जग्गा प्राप्त गरेको थियो । मूर्ति पाँच वर्ष भित्र निर्माण कार्य सक्ने लक्ष्य लिए पनि आर्थिक अभाव र कोरोनाका कारण निर्माण कार्य केही ढिला हुन पुगेको उहाँको भनाइ छ । अत्याधुनिक डिजिटल प्रविधिको प्रयोगबाट आसपासको जंगलका जंगली जनावरको गतिविधिलाई समेत नियाल्न सकिने छ । शिवको वृहत चिनारी सहित १ सय ८

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एमालेका २२ सांसदलाई स्पष्टीकरण

**रासस**
**काठमाडौं, ४ साउन**

नेकपा (एमाले)ले प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिने २२ सांसदलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ ।

ललितपुरस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा जारी १० औं केन्द्रीय कमिटी बैठकले प्रधानमन्त्रीलाई विश्वासको मत दिने वरिष्ठ नेता माधवकुमार नेपालसहितका सांसदलाई कारवाही गर्ने जनाएको हो ।

एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले वरिष्ठ नेता नेपालसहितका सांसदले पार्टी विधिविधान र निर्णयविरुद्ध प्रधानमन्त्रीलाई मतदान गरेकाले स्पष्टीकरण सोधिएको जानकारी दिनुभयो । आइतबार प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्दा एमालेका २२ सांसदले पार्टी निर्णयविरुद्ध विश्वासका पक्षमा मतदान गर्नुभएको थियो । बैठकले स्पष्टीकरण २४ घण्टाभित्र पेश गर्न भनिएको छ । स्पष्टीकरणका आधारमा कारवाही प्रक्रियाबारे निर्णय हुने उहाँले बताउनुभयो । "हामीले हिजो संसदमा भएको समग्र घटनाक्रमलाई नेपालले हासिल गरेका अग्रगतिका प्रयाससमाथि एक खालको धक्काका रुपमा लिएका छौं", उहाँले भन्नुभयो, "पार्टीका केही सांसदहरुले पार्टी निर्णयको अवज्ञा गर्दै फ्लोरक्रस गर्ने र प्रधानमन्त्री देउवालाई विश्वासको मत दिने जुन काम गर्नुभयो । पार्टी अनुशासनको दृष्टिले र कम्युनिष्ट आन्दोलन, जनताको भावना सबै दृष्टिले सर्वथा अनुचित, अनुशासनहिन र गलत कार्य भनेको छ ।"

दश बुँदे सहमतिलाई स्थायी कमिटी बैठकले गरेको अनुमोदनलाई आज बसेको बैठकले पनि अनुमोदन गरेको छ । उहाँले १० बुँदे सहमतिअनुसार नै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## थप दुई हजार ४४५ जनामा कोरोना संक्रमण पुष्टि,३२ को मृत्यु

**रासस**
**काठमाडौं, ४ साउन**

नेपालमा थप दुई हजार ४४५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको संख्या सात लाख १८ हजार ४९४ पुगेको छ ।

थप सात हजार ८३३ जनाको पिसीआर परीक्षण तथा तीन हजार ८३१ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पिसीआर विधिबाट एक हजार ६४२ तथा एन्टिजेनबाट ८०३ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

हालसम्म ६ लाख ३३ हजार ३३२ जना कोरोना भाइरसबाट मुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर एक हजार २५८ संक्रमित निको भएर घर फर्किएका छन् । पछिल्लो समय नेपालमा कोरोना भाइरसको संक्रमणबाट थप ३२ सङ्क्रमितको मृत्यु भएको छ । योसँगै कोरोना भाइरसको संक्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार ५८२ पुगेको मन्त्रालयले जनाएको छ ।

## गण्डकी प्रदेशमा मन्त्रीमण्डल हेरफेर तथा विस्तार हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री कुमार खड्काले छिट्टै मन्त्रीमण्डल हेरफेर सहित विस्तार गरिन लागिएको बताउनु भएको छ ।



नेपाली काँग्रेस पोखरा-१६ ले मन्त्री खड्कको सम्मान तथा वडा अधिवेशन सम्बन्धी छलफल गर्न आयोजित समारोहलाई सम्बोधन गर्दै गण्डकी प्रदेश सरकारले अब एक दुई दिनमै पूर्णता पाउने बताउनु भएको हो । वहाँले हाल आफूले सम्हालै आएको मन्त्रालय समेत परिवर्तन हुने संकेत पनि दिनुभयो । यद्यपि मन्त्री खड्काले गठबन्धनको सरकारमा थप विस्तार तथा हेरफेर हुने मन्त्रालय क-कसको भागमा पर्छ भन्ने कुरा केही खुलाउनु भएन । तर मन्त्रालयको बाँडफाँडमा गठबन्धनका दलहरूबीच सहमति भइसकेको वहाँले खुलासा गर्नु भयो ।

कार्यक्रममा नेपाली काँग्रेस पोखरा-१६ का इकाई सभापति होमबहादुर बानियाँले मन्त्री खड्कालाई दोसल्ला ओढाई सम्मान तथा बधाई ज्ञापन गर्नुभएको थियो ।

सोही समारोहमा नेपाल तरुण दल पोखरा १६ को सभापति विक्रम बस्नेतले तरुणहरुको तर्फबाट मन्त्री खड्कालाई सम्मानपत्र सहित बधाई ज्ञापन गरेका थिए । कार्यक्रममा नेपाली काँग्रेस पोखरा-१६ का पूर्व इकाई सभापति शिवराज देवकोटा, नेविसंघकी नेतृ सुदिक्षा बानियाँ लगायतले मन्तव्य राखेका थिए ।

नेपाली काँग्रेसको १४ औं महाधिवेशनको कार्यतालिका बमोजिम यही श्रावण १२ गते हुने वडा अधिवेशन गर्न गर्न सोमबार नै एक कार्यदल गठन गरिएको छ । वडा ईकाई सभापति होमबहादुर बानियाँका अनुसार, कार्यदलमा नेपाली काँग्रेसका केन्द्रीय आमन्त्रित सदस्य एवै गण्डकी प्रदेश सरकारका शिक्षा, संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री समेत रहनुभएका कुमार खड्का, वडा इकाई सभापति होमबहादुर बानियाँ, सहसभापति दिलनाथ आचार्य, जिल्ला कोषाध्यक्ष लक्ष्मी पाण्डे, महाधिवेशन प्रतिनिधिहरु राधाकृष्ण गुरुङ र पदमसिंह गुरुङ पनि सो कार्यदलमा रहेका छन् ।

त्यस्तै क्षेत्रीय प्रतिनिधि राजेन्द्रबहादुर देवकोटा, पूर्व क्षेत्रीय सभापति ऋषिराज आचार्य, पूर्व वडा इकाई सभापति शिवराज देवकोटा, क्षेत्रीय प्रतिनिधित्र्य धर्मराज थापा, ज्ञानबहादुर कार्की र विष्णु भट्टराई, अधिवक्ता हरिप्रसाद भट्टराई र कमला तिमिल्सिना समेत सो कार्यदलमा रहेका छन् । कार्यदलले सर्वसम्मत ढंगले अधिवेशन सम्पन्न गर्ने भूमिका खेल्ने बताइएको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# सहिद इन्दिरा तिवारी (ज्योति)को नाममा वेगनासमा सहिद स्मृति गेट निर्माण

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

पोखरा महानगरपालिका वडानं ३१ वेगनास भञ्ज्याङमा सहिद इन्दिरा तिवारीको सम्झनामा सहिद स्मृति गेट निर्माण गरिएको छ।

सोमबार सहिद इन्दिराको १९औं स्मृति दिवसको अवसरमा नेकपा माओवादी केन्द्र पोखरा ३१ले आयोजना गरेको एक कार्यक्रमका बीच नेकपा माओवादी केन्द्रका युवा नेता एवं गण्डकी प्रदेश सभाका सदस्य दीपक कोइराला (रुपक)ले स्मृति गेटको उद्घाटन गर्नुभयो । गण्डकी प्रदेश सभाको अर्थ तथा विकास समितिका सभापति समेत रहनु भएका कोइरालाले देशमा भएका महत्वपूर्ण राजनैतिक परिर्वतनहरु महान सहिदहरुको योगदानको कारण भएको बताउनु भयो।




जनयुद्धमा सहिद भएका महान सहिदहरुलाई प्रचण्ड प्रधानमन्त्री हुदा सकारले राष्ट्रिय सहिद घोषणा गरेपनि राजपत्रमा प्रकाशित गर्न छुटेकोले कार्यान्वयन हुन नसकेको उहाँको भनाई थियो। सांसद कोइराललले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर गंत आफुले पाँचलाख बजेट विनियोजन गरेर अहिले गेट र सहिद पार्कमा टष्ट निर्माण गरिएको बताउनु भयो। कोइरालाले रुपमा पनि सहिद पार्क निर्माण भइरहेको जानकारी दिनु भयो । कोइरालाले सहिदको सम्मानको लागि आफ्नो ठाउँबाट सकेजति गर्ने प्रष्टपार्नुभयो । नेपाल कम्युनिष्ट पार्टी माओवादी कास्की सचिव बखान सिंह तमु आभाषले इन्दिरा तिवारी संगको सहकार्यको स्मरण गर्नुभएको थियो। बखानले पार्टीकामको शिलशिलामै हिड्दै गर्दा रहदा स्याङ्जाको आधिघाट कुवाकोटमा सेनाले नियन्त्रणमा लिएर २०५९ साउन ४ गते इन्दिरा र लक्ष्मी गुरुङको हत्या गरेको र अन्य तिनजना सेनाको घेरा तोडेर भाग्न सफल भएको बताउनु भयो।

माओवादी केन्द्रका प्रदेश नेता एवं संविधान सभासदस्य तेज कुमारी पौडेल (शितल )ले देशको आमुल परिर्वतनको लागि लडेर सहिद भएकाहरुपनि पार्टीका सहिदको रुपमा हेरिदा दुःख लाग्ने गरेको बताउनु भयो । देशको परिर्वतनको लागि लडेको महान सहिदहरु सवै पार्टी र देशकै सहिद हुने उहाँको भनाई थियो।

माओवादी नेतृ निर्मला क्रान्ति, नेकपा एमाले वडानं ३१का वडाध्यक्ष गणेश थापा ,एमाले नेता गोकर्ण तिवारी, स्थानीय रुद्ध अधिकारीले सहिदहरुले देखेको सपना पुरा गर्ने बाटोमा सवैलाग्नु पर्नेमा जोड दिनु भएको थियो । कसैले स्विकार गरेपनि नगरेपनि देशमा राजनैतिक परिवर्तनको लागि जनयुद्धको बेला सहिद भएकाहरुको योगदान महत्वपूर्ण रहेको उहाँहरुको भनाई थियो। माओवादी केन्द्रका ३१का सचिव कृष्णप्रसाद तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा भिमबहादुर गुरुङ र सहिदकी छोरी गंगा तिवारीलगायतले आआफ्नो भनाई राख्नु भएको थियो।

# व्यवसायीलाई खोप उपलब्ध गराउन पोउवा संघको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

पोखरा उद्योग वाणिज्य संघले उद्योगी/व्यवसायीहरुलाई कोभिडविरुद्धको खोप उपलब्ध गराउन गण्डकी प्रदेश सरकारसँग माग गरेको छ।

संघका अध्यक्ष नारायण कोइरालाको नेतृत्वमा गएको संघको प्रतिनिधिमण्डलले सोमबार गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री मधुमाया अधिकारी गुरुङसमक्ष सो माग राखेको हो । जवाफमा स्वाथ्यमन्त्री गुरुङले संघ सरकारले नै खोपको प्राथमिकता तोकेर पठाउने गरेको जानकारी दिँदै सम्भव भएसम्म व्यवसायीहरुलाई प्राथमिकताको आधारमा खोप उपलब्ध गराउन प्रदेश सरकार सकारात्मक भएको बताइन्।



संघको प्रनिनिधिमण्डलमा प्रदेश सांसद तथा संघका पूर्वअध्यक्ष विन्दुकुमार थापा, संघका उपाध्यक्ष अर्जुन पोखरेल, महासचिव सुरेन्द्रमान विजुक्छे, उपमहासचिव केशवबहादुर खत्री, संघका कार्यसमिति सदस्य एवं स्वास्थ्य उपसमिति संयोजक भरतबहादुर केसी एवं संघका कार्यकारी निर्देशक टोपबहादुर थापाको सहभागिता रहेको थियो । ज्ञापनपत्र बुझाउँदै संघका अध्यक्ष कोइरालाले अत्यावश्यक सामग्रीको निर्वाध आपूर्तिमा सघाउने एवं राज्यलाई कर तिर्ने व्यवसायीहरु खोपबाट बञ्चित हुनु दुःखद भएको बताए। उनले दिनमै सयौं व्यक्तिसँग प्रत्यक्ष सम्पर्कमा रहनुपर्ने व्यवसायीहरु असुरक्षित हुनु भनेको समाज नै असुरक्षित रहनु हो भन्दै समाजलाई संक्रमणबाट जोगाउन पनि व्यवसायीले खोप पाउनुपर्ने माग गरे। यता, संघका प्रतिनिधिमण्डलले कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमलाई सोही व्यहोराको बाधार्थपत्र बुझाउँदै खोपको प्रबन्धको आग्रह गरेको थियो । प्रत्युत्तरमा प्रजिअ गौतमले स्थानीय प्रशासन निजी क्षेत्रको मागप्रति सकारात्मक रहेको बताएका थिए।

सो अवसरमा बोल्दै संघका अध्यक्ष नारायण कोइरालाले खोपको व्यवस्था भएपछि संघसँग समन्वय गर्न आग्रह गरे । खोप केन्द्रमा भीडभाड भएको गुनासो आएकाले व्यवसायीलई खोपको व्यवस्था हुँदा पोखरा प्रदर्शनी केन्द्रलाई नै खोप केन्द्र बनाउन अनुरोध पनि अध्यक्ष कोइरालाको रहेको थियो।

# होण्डा ग्राजिया स्कुटर पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

स्याकार ट्रेडिङ कम्पनी गण्डकीको आधिकारीक विक्रेता कुवँर ब्रदर्श एण्ड सन्सूले सोमबारदेखि पोखरा बजारमा होण्डा ग्राजियाको बिएसभिआई मोडलका स्कुटर बजारमा ल्याएको छ।

स्कुटरको आकर्षक र स्टाईलिस लुक रहेको उक्त १२५ सिसि नयाँ बिएसभिआई मोडलमा व्यवहारिक फिचरहरु थप गरी पूर्णरुपमा रि-डिफाइन गरिएको छ। १५५ एमएम देखि १७१ एमएम ग्राउण्ड क्लेरेन्स रहेको स्कुटरको स्पिडोमिटरमा माइलेज फिचर उपलब्ध रहेको छ।



यस फिचर अन्तर्गत स्कुटरले दिने रियल टाइम माइलेज, एभरेज माइलेजका साथै डिस्ट्यान्स टू एमप्टि जस्ता जानकारी प्राप्त गर्न सकिने सेल्स म्यानेजर सचिन श्रेष्ठले बताए । नेपाली बजारमा ग्राजिया बिएसभिआई डिआरएस मोडलको मूल्य २,६९,९०० रहेको र ग्राजिया बिएसभिआई डिएसएस मोडलको मूल्य २,८९,९०० रहेको छ।

## एमालेका...

पार्टीलाई एकताबद्ध बनाउने निर्णयसमेत बैठकले गरेको बताउनुभयो । "दश बुँदे अर्को पार्टीलाई मत दिऔं, पार्टीको निर्णय अवज्ञा नगर भनेको छैन", उहाँले भन्नुभयो, "१० बुँदेले पार्टीलाई एकताबद्ध बनाउने हो। उहाँहरुले संसद्मा हिजो जे गर्नुभयो त्यो गलत हो।"

बैठकलाई सम्बोधन गर्दै अध्यक्ष केपी शर्मा ओलीले पछिल्लो राजनीतिक घटनाक्रम बोल्नुभएको थियो । उहाँले हिजो प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वास मत लिने क्रममा संसद्मा देखिएको परिदृश्य र त्यसले पार्टीको जीवनमा पारेको प्रभावबारे चर्चा गर्नुभएको पार्टी प्रवक्ता ज्ञवालीले जानकारी दिनुभयो। असार २७ गते गरिएको १० बुँदे सहमतिका आधारमा नै आजको बैठक बसेको उहाँको भनाइ थियो। विसं २०७५ जेठ २ गतेपछिको निरन्तर अहिलेको बैठक भएको उहाँले बताउनुभयो । जेठ २ गते नवौँ बैठक डाकिएको थियो। उहाँले पार्टीभित्र विभिन्न समस्या उत्पन्न र विमति हुने जनाउँदै पार्टीका उपाध्यक्ष भीमबहादुर रावलले सांसद पदबाट राजीनामा दिन नहुने भनाइ राख्नुभयो। प्रवक्ता ज्ञवालीका अनुसार बैठक भोलि ३ बजे फेरि बस्नेछ।




# मुख्यमन्त्री पोखरेलद्वारा 'जोन्सन एन्ड जोन्सन' खोपको शुभारम्भ

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नवलपरासी (बर्दघाट-सुस्तापूर्व) बाट गण्डकी प्रदेशमा जोन्सन एन्ड जोन्सनखोपकोशुभारम्भगर्नुभएको छ । मध्यविन्दु-२ कोल्हुवामा रहेको नवलपुर स्वास्थ्य चौकीमा आयोजित कार्यक्रममा मुख्यमन्त्री पोखरेलले जोन्सन एन्ड जोन्सन खोपको शुभारम्भ गर्नुभएको हो।

स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)द्वारा आयोजित कार्यक्रममा अपाङ्गता भएका १३ तथा अन्य चार गरी १७ जनालाई खोप लगाएर जोन्सन एन्ड जोन्सनको नवलपुरमा शुरु गरिएको स्वास्थ्य कार्यालय प्रमुख केशवप्रसाद चापागाईंले जानकारी दिनुभयो । नवलपुरमा १५ हजार मात्रा सो खोप आएको चापागाईंले बताउनुभयो । उक्त खोप मङ्गलबार बस्ने विपद् व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार जिल्लामा वितरण गरिने चापागाईंको भनाइ छ।

नेपालमा अहिलेसम्म आएको खोपको दुई मात्रा लगाउनुपर्ने थियो भने जोन्सन एन्ड जोन्सन खोप एकपटक मात्र लगाए पुग्नेछ। खोप कार्यक्रमको शुभारम्भ गर्दै मुख्यमन्त्री पोखरेलले प्रदेशका सबै नागरिकलाई कोरोना विरुद्धको खोप प्रदेश सरकारको पहिलो प्राथमिकता भएको बताउनुभयो । प्रदेशको स्वास्थ्य, शिक्षामा विशेष जोडदिँदैसमृद्धगण्डकीप्रदेशनिर्माण गर्ने अभियानमा आफ्नो सरकार लागिरहेको पोखरेलको भनाइ छ। मुख्यमन्त्रीमा निर्वाचित भएपछि पोखरेल पहिलोपटक गृह जिल्ला आउनुभएको हो । आइतबार गृह जिल्ला आउनुभएका मुख्यमन्त्री पोखरेलले सोमबार स्वास्थ्य कार्यालय नवलपुर, शिक्षा तथा समन्वय एकाइ कार्यालय लगायतका कार्यालयहरूको निरीक्षणसमेत गर्नुभएको थियो।

## विशाल...

शिवलिङ्ग, १ सय ८ स्वर्गद्धारी सिँढी, सुमेरु पर्वत, गुरु महाराज आश्रम, हरियाली बगैंचा, शान्ति स्तम्भ, ज्येष्ठ नागरिक मिलन केन्द्र, ध्यान केन्द्र, पार्किङ स्थल, लगायतका संरचना निर्माण गर्ने योजना रहेको सुनाउनुभयो । पुम्दीकोट धार्मिक रुपमा समेत शक्ति पिठ भएको जनाउँदै शिव मूर्ति निर्माणले यस क्षेत्रको धार्मिक महत्वलाई उजागर गर्दै लैजाने उक्त वडाका अध्यक्ष मित्रलाल बरालले जानकारी दिनुभयो ।


बरालका अनुसार पोखराको मुख्य बजारबाट करिब १५ किलोमिटरको दुरीमा रहेको सो स्थानबाट हिमश्रृङ्खला फेवाताल लगायतका मनोरम दृश्य देख्न सकिन्छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

तिमी समस्यावाट भाग्न सक्दैनौ किनाकि त्यसवाट भागेर जाने कुनै ठाउँ छैन। - अंकल रेमस

## सम्पादकीय

# खोपको राजनीति नगरौं

सर्वोच्च अदालतको परमादेशबाट नियुक्त प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभामा विश्वासको मत पाएपछि छिमेकी र मित्र राष्ट्रले बधशाला दिएका छन।प्रधानमन्त्री नियुक्त भएपछि चिनियाँ सरकारले १६ लाख खोप दिने घोषणा गरेको छ। छिमेकीले नयाँदिल्ली सरकारलाई १६ लाख खोप अनुदान दिने घोषणाले खोपको आशा गरेका नेपालीलाई खुशी बनायो। राष्ट्रपति विद्या देवी भण्डारीले थालेको खोप कुटनीतिको प्रभाव देखिन थालेको छ। अमेरिका, जापानले खोप दिने खबरले जनतालाई आशावादी बनाएको छ।अमेरिकाले दिएको खोप लगाउन शुरु भएको छ।

नेपालले शुरुमा भारतले अनुदानमा खोप दिएपछि अभियान शुरु गरेको थियो। पछि भारतसंग किनेको १० लाख खोप लगाउन शुरु भएको थियो। पछि किनेको खोप दिन नसक्ने जवाफ पठाएपछि अभियान प्रभावित हुन पुग्यो। सरकारले गाली खाने र जनतामा निराशा छर्ने काम गलत हो। नेपाली जनताको स्वास्थ्य माथि खेलवाड गरेको भन्दै भारत राम्रो सन्देश गएको छैन। भारतले सम्बन्ध विग्रन नदिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच टेलिफोन वार्ता भएको छ। वार्ताको क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोभिड १९ विरुद्धको खोप चाँडै आपूर्ति गर्ने आश्वासन दिएका छन। भारतीय प्रधानमन्त्रीले बधाई दिनका लागि फोन गरेका थिए। सो क्रममा प्रधानमन्त्री देउवाले नेपालले पाउन बाँकी खोप चाँडो पठाउन पहल गर्न आग्रह गरेको देउवाको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री देउवा र मोदीबीच सोमबार अपराह्न टोलिफोन वार्ता भएको जानकारी प्रधानमन्त्री देउवाको आधिकारिक ट्वीटरमार्फत पनि साझा गरिएको छ। प्रधानमन्त्री देउवाले नेपाल र भारतबीचको द्विपक्षीय सम्बन्धलाई अझै बढी सुदृढ बनाउनुपर्ने विचार आदानप्रदान भएको जानकारी देउवाको नीजि सचिवालयले दिएको छ। मोदीले यसअघि आइतबार राति ट्वीटरबाटै प्रधानमन्त्रीमा नियुक्त भएकोमा देउवालाई बधाई तथा शुभकामना दिनु र अपराह्न भने टेलिफोन गरेर बधाई दिएको हो।

भारतले अनुदानमा १० लाख खोप उपलब्ध गराएको थियो। लगत्तै नेपालले कोभिशिल्डको २० लाख खोप खरिद गर्ने सम्झौता गर्न पुग्यो। उक्त खरिद खोपमध्ये पहिलो खेपको खोप आइपुग्दा दोस्रो खेप अझै आइपुगेको छैन। जसले गर्दा खोप अभियान प्रभावित बन्न पुगेको छ। टेलिफोन वार्ताको क्रममा भारतीय प्रधानमन्त्री मोदीले खोप आपूर्ति छिट्टै गर्ने आश्वासन दिएको प्रधानमन्त्री देउवाले उल्लेख गर्नुभएको छ।

# महाधिवेशन सफल पार्न सक्रिय रुपमा लाग्न आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

नेपाली काँग्रेस पर्वत पोखरा सम्पर्क समितिले नेपाली काँग्रेसको आसन्न महाधिबेशनको विषयमा छलफल गऱ्यो।

छलफलमा वक्ताहरुले काँग्रेस भित्रका वौद्धिक वर्गको निष्कृयताले पार्टिमा असक्षम ब्यक्ति नेतृत्वमा जाने, पार्टिको विधि विधान विपरीत काम गर्ने, गुट उपगुट वनाउने ,संगठन ध्वस्त पार्ने र असक्षमले सक्षममाथि शासन गर्ने अवस्था रहेकोले पार्टिमा वौद्धिक वर्ग चनाखो भई सक्रियता बढाउनु अपरिहार्य रहेको जनाए। बैठकले समितिमा आवद्ध पार्टीका कृयाशिल सदस्य, समितिका आजिवन सदस्य, साधारण सदस्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई सबै तहका अधिबेशनमा सकृय सहभागि भई अधिवेशन सफल पार्न लाग्नुपर्ने निष्कर्ष निकालेको छ। साथै कुनैपनि प्रलोभनमा परेर गलत ब्यक्तिलाई साथ नदिन अनुरोध गरेको छ। बैठकले समितिमा आवद्ध सदस्यले पार्टीको कुनैपनि पदमा उमेदवारी दीने चाहना राखेमा सम्पुर्ण रुपले सहयोग गर्ने समेत निर्णय गरेको छ।

समितिका अध्यक्ष बलभद्र शर्माको अध्यक्षतामा बसेको बैठकमा सल्लाहकार गोविन्द शर्मा, बरिष्ठ उपाध्यक्ष गणेश शर्मा, उपाध्यक्ष किरण तिवारी, लक्ष्मी मेधासी, रमेश थापा, झलक रिमाल, कृष्ण पौडेल, प्रमोद पाण्डे, राजेन्द्र श्रेष्ठ लगायतले धारणा राखेका थिए। छलफलको सहजिकरण नेपाली काँग्रेस पर्वत पोखरा सम्पर्क समितिका सचिब राम प्रसाद भूर्तेलले गरेका थिए।

# पर्यटकीय लेक चढ्न पदमार्ग

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ साउन**

पर्यटकीय लेक घुम्टे चढ्ने पदमार्ग निर्माण गरिएको छ। प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत गलकोट नगरपालिकाले गत आवमा विनियोजन गरेको रु पाँच लाख ६७ हजार बजेटबाट ८०० मिटर पदमार्ग बनाइएको हो।

गलकोट-१० पाण्डवखानीको सिद्धथानदेखि गोठथरीसम्म पदमार्ग जोडिएको निर्माण समितिका अध्यक्ष गङ्गबहादुर काउचाले जानकारी दिनुभयो। उहाँका अनुसार ४५५ मिटरमा ढुङ्गाको 'सोलिङ' र ३५० मिटरमा सिँढी निर्माण गरिएको छ। पदमार्गमा स्थानीयवासीले रु ५० हजार बराबरको श्रमदानसमेत गरेका थिए।

गत असार १५ गतेदेखि असार ३० गतेसम्म दैनिक ५० जना श्रमिक पदमार्ग निर्माणमा खटिएका थिए। श्रमिकले एक दिनको रु ५१७ का दरले ज्याला पाएको समितिले जनाएको छ।

वर्षायाममा जोखिम मोलेर पदमार्गको काम गरिएको अध्यक्ष काउचाले बताउनुभयो। व्यवस्थित पदमार्ग बनेपछि घुम्टे आउजाउ गर्न सहज हुने भएको छ। "घुम्टे चढ्ने पर्यटकलाई लक्षित गरी पदमार्ग बनाइएको हो, यसले पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्ने हाम्रो विश्वास छ", सिद्धथान सामुदायिक घरबासका अध्यक्ष खिमबहादुर पुनले बताउनुभयो। पदमार्गले घुम्टे चढ्न सजिलो र छरितो बनाएको उहाँको भनाइ छ।

सिद्धथानका सात घरमा सामुदायिक घरबास सेवा छ। घरबाससँग घुम्टेको पर्यटन पनि जोडिएको छ। तीन हजार ११० मिटरको उचाइमा अवस्थित घुम्टे जिल्लाकै आकर्षक गन्तव्यस्थलमा पर्छ।

त्यहाँ बर्सेनि वैशाखे पूर्णिमा र नयाँ वर्षका अवसरमा मेला लाग्ने गर्छ। घुम्टेको धुरीमा रहेको सिद्ध र भैरवको दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ।

गलकोट घुम्टे पर्यटन विकास केन्द्रले विगत आठ वर्षदेखि नयाँ वर्षको अवसर पारेर घुम्टेमै गुराँस उत्सव आयोजना गर्दै आएको छ। जैविक विविधताले भरिएको घुम्टेमा चैत/वैशाखमा दर्जनौँ थरीका गुराँस फुल्छन्। घुम्टेको चुचुरोबाट छिमेकी जिल्लाका समेत रमणीय ठाउँको अवलोकन गर्न सकिन्छ।

सूर्योदय र सूर्यास्त पखको दृश्यावलोकनका लागि घुम्टे उपयुक्तस्थल हो। गलकोट नगरपालिका र ताराखोला गाउँपालिकाभित्र समेटिएको घुम्टे लेक चढ्न यसअघि हरिचौर, मल्म हुँदै पनि पदमार्ग जोडिएको छ। घुम्टेलाई सडक सञ्जालसँग जोड्न अहिले मार्ग खोल्ने काम भइरहेको छ।

# एसइईको नतिजाअगावै भर्ना नलिन आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

काठमाडौं महानगरपालिकाले एसइईको परीक्षा नतिजा प्रकाशन हुनुभन्दा पहिले नै कक्षा ११ को भर्ना नलिन सम्बन्धित सबैलाई आग्रह गरेको छ।

महानगरपालिका शिक्षा विभागले सूचना जारी गर्दै विद्यालय शिक्षा व्यवस्थापन निमावाली २०७४ को नियम ४८ (६) मा भएको व्यवस्थाविपरीत कतिपय माध्यमिक विद्यालय र कलेजले शैक्षिकसत्र २०७७ को एसइईको परीक्षा नतिजा प्रकाशन नहुँदै कक्षा ११ को भर्ना नलिन सबै मावि कलेजलाई आग्रह गरेको हो।

शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले जारी गर्नुभएको सूचनामा भनिएको छ, "कक्षा ११ मा भर्ना गर्दाको समयमा नै ११ र १२ मा विद्यार्थीसँग लिने शुल्क तोक्नुपर्ने, विद्यार्थीसँग रजिस्ट्रेसन दस्तुर, परीक्षा शुल्क लिँदा राष्ट्रिय परीक्षा बोर्डले तोकेको शुल्क मात्र लिनुपर्ने, विद्यार्थीलाई किताब, कपी, पोशाक र शैक्षिक सामग्री विद्यालयले भनेकै स्थानमा किन्नका लागि बाध्य नबनाउनु।"

त्यसैगरी कक्षा ११ र १२ मा विद्यार्थीलाई दिइने सेवा र उनीहरुबाट लिइने शुल्क केकति हो यही साउन १५ गतेभित्र विभागलाई बुझाउनुपर्ने र कलेजले तोकेबमोजिम छात्रावृत्ति अनिवार्यरुपमा प्रदान गराउने तथा उक्त सुविधा पाउने विद्यार्थीको विवरण शैक्षिकसत्र शुरु भएको दुई महिनाभित्र विभागमा बुझाउन भनिएको छ।

# १८ दिनपछि खुल्यो कालीगण्डकी करिडोर

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ साउन**

बागलुङको दक्षिणक्षेत्र १८ दिनपछि सडक सञ्जालसँग जोडिएको छ। गत असार १८ गतेदेखि अवरुद्ध बागलुङ-कुश्मीशेरा सडक र कालीगण्डकी करिडोरका कारण जिल्लाको दक्षिण क्षेत्र सडक सम्पर्कविहीन भएको थियो।

आइतबार कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाले बाढी-पहिराका कारण क्षति पुगेको करिडोर मर्मत गरेपछि सडक खुलेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। बागलुङ कुश्मीशेरा सडक भने अझै खुलेको छैन्। करिडोर तत्कालका लागि अस्थायी रुपमा सञ्चालनमा ल्याइएको प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले बताउनुभयो। बागलुङ नगरपालिका-१० एक्लेशालमा खसेको पहिराले त्यहाँ रहेका चार सडकमा क्षति पुऱ्याएको थियो। "दक्षिण जोडिएका सडकमा यस वर्षका लागि निकै समस्या छ, ठूलाठूला पहिराले सडक अवरुद्ध हुने गरेको छ", कार्कीले भन्नुभयो, "ठूलो वर्षा नभएमा केही दिन सडक सञ्चालनमा रहन्छ।" करिडोर सञ्चालनमा आएपछि जिल्लाको दक्षिण क्षेत्रमा सवारी आवागमनमा सहज हुने भएको छ।

करिडोरसमेत बन्द हुँदा जैमिनी नगरपालिका, बरेङ गाउँपालिका र बागलुङ नगरपालिकाको बलेवा क्षेत्रका किसान सबैभन्दा धेरै मर्कामा परेका थिए। अत्यावश्यक खाद्यान्नलगायतका सामग्रीको ढुवानीमा समेत समस्या भएको थियो। बिरामी बोक्ने एम्बुलेन्ससमेत नचलेका कारण पैदल छिमेकी जिल्ला पर्वत सदरमुकाम कुश्मा बजार पुग्नुपर्ने बाध्यता थियो। "खुलेका बेला खाद्यान्न स्टोर गर्न भनेका छौं, विकल्प पनि त छैन्", कार्कीले भन्नुभयो।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि सूचना

**उपरोत्त सम्बन्धमा गण्डकी प्रदेश स्याङ्जा जिल्ला, भिर्कोट नगरपालिका वडा नं.०१,मा भिर्कोट नगरपालिकाद्वारा प्रस्तावित ग्रीजी स्क्रिनिंग बालुवा प्रशोधन प्लान्ट निर्माण तथा संचालन कार्यको लागि तयार गरिने प्रारम्भिक वातावरणीय परीक्षण (आईइ) प्रतिवेदन उपर मिति २०७८/०४/०९ गते शनिबारका दिन बिहान ८:३० बजे बालुवा प्रशोधन प्लान्ट निर्माण तथा सञ्चालन स्थलमा सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्याक्रम हुन गइरहेको हुदाँ उपस्थीतिको लागि सरोकारवालाहरु लाई हार्दिक अनुरोध गरिन्छ।**

**आयोजक**
**भिरकोट नगरपालिका**
**नगर कार्यपालिका को कार्यालय**
**बयरघारी, स्याङ्जा गण्डकी प्रदेस**
इमेल: info@bheerkotmun.gov.np
**सम्पर्क नम्बर: ०६३-४००१०६**


# कोभिड कोषमा ५० लाख सहयोग

**पोखरापत्र संवाददाता**
**दमौली, ४ साउन**

सूर्य नेपाल प्रालिले तनहुँको दुई स्थानीय तहको कोभिड कोषमा रु ५० लाख सहयोग गरेको छ। शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिकाको कोभिड प्रकोप व्यवस्थापन कोषमा सूर्य नेपालले ५० लाख सहयोग गरेको हो। सूर्य नेपालले शुक्लागण्डकीलाई रु ३० लाख र म्याग्दे गाउँपालिकालाई रु २० लाख सहयोग गरेको जनाएको छ। सूर्य नेपाल प्रालि तनहुँका कारखाना व्यवस्थापक बाबुराम कार्कीले सम्बन्धित पालिकाका प्रमुख र अध्यक्षलाई उक्त रकमको चेक हस्तान्तरण गर्नुभएको हो।

सो अवसरमा कार्कीले कम्पनीले यस क्षेत्रमा गरेका विभिन्न सहयोगको चर्चा गर्दै भविष्यमा पनि सहयोग जारी रहने प्रतिबद्धता जनाउनुभयो। कम्पनीका मानव संशाधन प्रमुख अञ्जन दुवाडीले यस क्षेत्रको दीर्घकालीन विकासका लागि स्थानीय तहसँग सहकार्य गर्दै अघि बढ्न सूर्य नेपाल सदैव तयार रहेको बताउनुभयो। शुक्लागण्डकी नगरपालिका तथा र म्याग्दे गाउँपालिका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले सूर्य नेपाल प्रालिले यस क्षेत्रको सामाजिक आर्थिक विकासमा गरेको योगदानको उच्च प्रशंसा गर्दै भविष्यमा पनि सहयोगको अपेक्षा गरेको बताउनुभयो।

सूर्य नेपालले गत वर्ष पनि शुक्लागण्डकी नगरपालिकाको कोभिड प्रकोप व्यवस्थापन कोषमा रु १० लाख तथा सातवटै प्रदेशमा रु एक/एक करोड प्रदान गरेको थियो। सूर्य नेपालले यस क्षेत्रमा आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक कार्यहरू गर्दै आइरहेको छ। कम्पनीले गत आर्थिक वर्षमा म्याग्दे गाउँपालिका र शुक्लागण्डकी नगरपालिकालाई एक/एक थान एम्बुलेन्स प्रदान गरेको थियो। त्यस्तै कोभिड-१९ को रोकथाम तथा उपचारका लागि यस क्षेत्रका विभिन्न अस्पताल तथा स्थानीयवासीलाई स्वास्थ्य सामग्री वितरण गर्दै आएको छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# करेन्ट लागेर बालिकाको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

टेलिभिजन हेर्ने क्रममा करेन्ट लागेर एक जना बालिकाको मृत्यु भएको छ।

लमजुङ राइनास नगरपालिका-७ सालफेदि बस्ने राकेश पाण्डेको आठ वर्षीय छोरी सृष्टि पाण्डेको घरभित्र कोठामा आज बिहान साढे आठ बजेको समयमा करेन्ट लागेर मृत्यु भएको प्रदेश प्रहरी कार्यालय गण्डकीका प्रहरी वरिष्ठ उपरीक्षक नरबहादुर केसीले जानकारी दिनुभयो। प्रहरीका अनुसार करेन्ट लागेर घाइते भएकी पाण्डेको लमजुडस्थित सहोदर अस्पताल धमिलिकुवामा उपचारका क्रममा मृत्यु भएको हो। घटनाका बारेमा थप अनुसन्धान भइ रहेको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्म:** १९७९/०२/१८ गते

**स्वर्गारोहण:** २०७८/03/२४ गते

**स्व. दुधमान उदास**

यस ज्ञानमार्ग स्वतन्त्र महिला समुहका संस्थापक सदस्य सन्तमाया उदासका श्रद्धेय पति **दुधमान उदास** को असामयीक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**शान्ती द्वा**
**अध्यक्ष तथा**
**ज्ञानमार्ग स्वतन्त्र महिला समुह परिवार**
**नदीपुर, पोखरा-३**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली

**जन्म :**
**१९९५ माघ १ गते**



**स्वर्गारोहण :**
**२०७८ असार ३० गते**

## स्व. तुल बहादुर गुरुङ

हाम्रा प्रात स्मरणीय पुजनीय पति/बुबा/ससुरा/बाजे **तुल बहादुर गुरुङ** को ८३ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी सम्पूर्ण परिवार मर्माहत एवं स्तब्ध भएका छौ। स्वर्गवासको आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै स्वर्गीयवास होस भन्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामीप्रति सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलुकुटुम्ब, आफन्तजन, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

## श्रीमती: शान्ती गुरुङ

**छोरा/ बुहारी**
**नातिनातिनी एवं पनातिपनातिनीहरू**
**एवं सम्पूर्ण परिवार**

**छोरी/ज्वाइँहरू**
**नातिनातिनी एवं पनातिपनातिनीहरू**
**तथा सम्पूर्ण परिवार**

**धर्मछोरी**
**एवं सम्पूर्ण परिवार**

**तथा**

**सम्पूर्ण पैगी लामा परिवार गुल्मी धौलादिप**
**सूम्पूर्ण पैगी लामा परिवार वुटवल रुपन्देही**
**सम्पूर्ण पैगी लामा परिवार पोखरा कास्की**

साथै उहाँको पितृकार्य अर्घौ यहि **श्रावण ५ गते सुरु भइ ६ गते पोखरा-६ गैरीखेत** स्थीत बिनोद गुरुङको घरमा समापन हुन गइरहेको हुदाँ सम्पूर्ण ईष्टमित्र, कुलुकुटुम्ब, चेलीबेटी, भाइखलक, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुलाई उपस्थित भई स्वस्ती शान्तिको लागि सहभागी भई दिनुहुन सम्पूर्णमा जानकारी गराउँदछौं।